संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

**प्रेस विज्ञप्ति - २०६६ पुस १३**

---

## उच्चायुक्तको कार्यालयद्वारा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि अनुमोदन गरेकोमा स्वागत

व्यवस्थापिका-संसद्ले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि तथा यसको ऐच्छिक सन्धिपत्रलाई २०६६ पुस १२ गते अनुमोदन गरेकोमा उच्चायुक्तको कार्यालय-नेपाल त्यसको स्वागत गर्दछ।

यो कार्यालय नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूको मानवअधिकार तथा मर्यादाको संरक्षण र प्रवर्द्धन गर्ने आफ्नो प्रतिबद्धता प्रदर्शन गरेको कुरालाई स्वीकार गर्दछ। यस महासन्धिका धाराहरूले अन्य कुराका अतिरिक्त शिक्षा, स्वास्थ्य, काम, पर्याप्त जीवनस्तर, आवतजावत गर्न पाउने स्वतन्त्रता, शोषणबाट स्वतन्त्रता तथा कानुनका दृष्टिमा समान मान्यता पाउने अधिकारलाई समेटेका छन् भने ऐच्छिक सन्धिपत्रले उनीहरूलाई आफ्ना अधिकार उल्लङ्घन भएमा सन्धि समितिसमक्ष उजुरी गर्न अनुमति दिन्छ। यो महासन्धि संयुक्त राष्ट्रसङ्घको इतिहासमा सबैभन्दा छिटो सन्धि अनुमोदन प्रक्रियाबाट गुज्रेको छ।

> "सो महासन्धिमा उल्लेख गरिएका अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरू राष्ट्रिय कानुनी खाका एवं नेपालको नयाँ संविधानमा पनि प्रतिबिम्बित हुने मैले आशा लिएकी छु। यस महासन्धिको अनुमोदनले अपाङ्गतासम्बन्धी मुद्दामा संलग्न धेरै सङ्गठन र मानवअधिकार रक्षकहरूका कामलाई थप सहयोग पुऱ्याउनुका साथै अपाङ्गता भएका व्यक्तिहरूको मानवअधिकार तथा नैसर्गिक मर्यादाको सम्मान र संरक्षण गर्न एउटा महत्त्वपूर्ण दस्तावेज प्रदान गर्दछ," उच्चायुक्तको कार्यालय-नेपालका उपप्रमुख ज्योति साङ्गेराले भन्नुभयो।

---

For further information contact Chun B. Gurung, Tel: 4280164,
Ext. 320; 98510 16937 (mobile), cgurung@ohchr.org

For further information contact Chun B. Gurung, Tel: 4280164,
Ext. 320; 98510 16937 (mobile), cgurung@ohchr.org